गाँउसभाका सदस्यज्यूहरु,

यस गरीमामय सभामा हाम्रो गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पूर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा सबै प्रकारका विभेद, उत्पिडनको अन्त्य गर्न तथा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण राखी जनताका प्रतिनिधि मार्फत राज्य सञ्चालन गर्ने संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई आजको यस अवस्था सम्म पुऱ्याउनमा सहादत प्राप्त गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात सहीदहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि नेपाली जनताले पटक-पटक गर्दै आएका बलिदानीपुर्ण संघर्ष, गौरवपुर्ण इतिहासलाई प्रेरणाको रुपमा लिदै सहीदहरु, घाइते, बेपत्ता र पिडित नागरीकहरुलाई उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

समृद्ध अन्नपूर्ण निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पूरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध अन्नपूर्ण गाउँपालिका र सुखी अन्नपूर्णवासीको लक्ष्य हासिल गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरीनेछ ।

यस अन्नपूर्ण गाउँपालिकालाई विश्वसामु उत्कृष्ट पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्ने, दिगो कृषि, पर्यटन, र ऊर्जा तथा खेलकुदको विकास गरी स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा वस्ती विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

**विद्यमान परिवेश :**

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको नेपालको अर्थतन्त्र पुनः रुस- युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाई समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिँदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाई गम्भीर वनाएको छ ।आन्तरिक र वाह्य वसाइँ सराइका कारण हाम्रा गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन । उब्जाउ खेतबारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाई देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाई आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ । यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउँदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मूल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सिर्जना भएको छ ।

साथै सेवा प्रवाहलाई थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाई सेवा प्रवाहमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

**विकास तथा समृद्धिको लक्ष्य प्रासिका अवसर तथा चुनौती :**

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन् :

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।

४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

६. गाउँपालिकामा अन्तराष्ट्रिय रुपमा नै परिचित पर्यटकीय क्षेत्रहरु रहनु । प्रसिद्ध तिर्थस्थल मुक्तिनाथ क्षेत्र हिमालपारीको अलौकिक भुगोल, अपर मुस्ताङ्ग क्षेत्र, चिनसंग जोड्ने कोरला नाका जाने मार्गमा यसै पालिका भएर जाने ।

७. गाउँपालिका क्षेत्र भित्र विभिन्न हाईड्रोपावर निर्माण तथा सञ्चालन रहनु ।

८. प्रतिवद्ध जनप्रतिनिधिहरु र दक्ष कर्मचारीहरुको उपलब्धता रहनु ।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छनः

१. रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२. गुणस्तरीय बीउबिजन-मलखाद समयमा नै उपलब्ध गराउनु ।

३. युवा जनशक्तिलाई कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।

४. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

५. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु।

६. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

७. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरीने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

८. भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

९. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

१०. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारिक रुपमा उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

११. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थको मापदण्ड निर्धारण गरी आयोजनाहरुको कार्यान्वयन गर्नु तथा अवैध उत्खनन् लाई नियन्त्रण गर्नु ।

१२. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पूर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

१३. मानव तथा पशु स्वास्थ्यमा महामारीजन्य रोगहरुको नियन्त्रण गर्नु ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरीएकोछ । पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, हाम्रो गाउँपालिकाको प्रथम आवधिक योजना, विभिन्न क्षेत्रगत योजनाहरु र नीतिहरु, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान, समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने संविधानको मर्मलाई समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरीकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागिता सुनिश्चित गरीने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान

एवं वित्तीय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरीने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ ।

## चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि

### भौतिक पूर्वाधार विकासका क्षेत्रमा भएका उपलब्धी

गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेको छ। गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ । गाउँपालिकाबाट अन्य छिमेकी गाउँपालिका अन्नपूर्ण गाउँपालिका कास्की जोड्न घोडेपानीमा सडक विस्तारको कार्य अघि बढाएको छ । भौतिक पूर्बधार निर्माण योजनाहरुलाई विद्युतीय बोलपत्र आह्वान मार्फत ठेक्का प्रक्रिया सञ्चालन गर्ने गरीएको छ। गाँउपालिका भित्रका महत्वपूर्ण प्राकृतिक स्रोत र सम्पदाहरुको संरक्षण, संवर्द्धन, प्रबर्द्धन र पर्यटन विकासका लागी पर्यटन गुरुयोजना र विस्तृत परियोजना प्रतिवेदनहरु निर्माण गरीएका छन्। गाउँपालिकाको यातायात गुरुयोजना निर्माणको चरणमा रहेको छ भने महभिर-हिस्तान-राम्चे (४३ किमी) घारखोला-नेपाने-पाउद्वार (२० किमि) यातायात डिपिआर र प्रारम्भिक वातावरणीय परिक्षण निर्माण चरणमा रहेको छ ।

### सामाजिक विकासका क्षेत्रमा भएका उपलब्धी

गाउँपालिका/नगरपालिकामा रहेको ५ शैय्याको अस्पतालको भवन निर्माण कार्य सम्पन्न भएको छ । प्रत्येक नागरीकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्न पाउने मौलिक हकलाई प्रत्याभुति गर्न स्वास्थ्य चौकीहरुबाट निशुल्क स्वास्थ्य सेवा र औषधि वितरणको ब्यबस्था मिलाउनुको साथै बहुक्षेत्रीय पोषण कार्यक्रम सम्बन्धमा सरोकारवालहरुलाई अभिमुखीकरण गरी कार्यान्वयमा ल्याइएको छ। कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएकोछ । लैङ्गिक हिंसामा परेका ब्यक्तिहरुको आर्थिक, सामाजिक, मनोबैज्ञानिक तथा यौनिक उत्पिडनबाट बाहिर ल्याउनको निमित्त गाउँपालिकाको महिला आकस्मिक

कोषमार्फत आवश्यक खर्च गर्ने ब्यवस्था गरीएको छ ।उद्यमीहरु निर्माणको लागि सिलाईकटाई तालिम, सरफ साबुन बनाउने तालिमहरु सञ्चालन भइरहेका छन् ।

विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ ।खेलकुद व्यवस्थित गर्न तथा युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि प्रत्येक वडामा खेलकुद मैदान तथा कभर्डहल निर्माण भएका छन् ।

**आर्थिक विकास क्षेत्रमा भएका उपलब्धी**

हाल सम्म गाउँपालिकामा सबै वडाहरुमा कृषि सडकहरु निर्माण भईरहेको छ ।कृषि सहकारी संस्थालाई ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरीएकोछ । गाउँपालिकाबाट अनुदानमा विभिन्न उत्पादनमूलक कार्यक्रमहरु सञ्चालन गरीएको छ । गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्ध्दन तथा प्रचार प्रचार गर्ने कामलाई ब्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएकोछ ।गाउँपालिका भित्र रहेका सहकारीहरुलाई सुदृढिकरण गर्न सहकारीता सम्बन्धी तालिम प्रदान गरीएको छ । रोजगारी सृजना गर्न गाउँपालिका भित्र विभिन्न प्रकारका सीपमूलक तथा आयआर्जनमूलक तालिम सञ्चालन गरीएको छ । साथै यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ८४ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाई समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार गरीएकोछ । विपद् व्यवस्थापनको लागि स्थानीय विपद् तथा जलवायु योजना, २०७९, आपतकालीन कार्यसञ्चालन कार्यविधि स्विकृत गरी विपद् जोखिमको न्युनिकरणको काम गरीएको छ । प्राकृतिक वा मानवीय रुपमा आइपर्ने विपद् ब्यस्थापन र विपद् जोखिम न्यूनीकरणका लागि पूर्व-कार्य र प्रतिकार्य सम्बन्धी अभ्यास गर्दै आएको छ । विपद् प्रभावित नागरीकहरुको निजि आवास पूननिर्माण कार्यको समेत थालनी गर्नुको साथै विपद्को कारणबाट मृत्यु भएका, आगोलागी भई घर गोठ जलेका, असाध्य रोग लागेका, विपन्न नागरीकहरुको स्वास्थ्य उपचारार्थ विपद व्यवस्थापन कोषबाट तत्काल बजेट ब्यवस्था गरी आर्थिक सहायता समेत प्रदान गरीएको छ।मिति २०८०।०२।३० को विपद् बाट तहसनहस भएको वडा नं २ को भुरुङ तातोपानी क्षेत्रमा पुनःनिर्माणको कार्य प्रारम्भ भएको छ ।

दिगो फोहर ब्यवस्थापनका लागि अध्ययन गरी नयाँ प्रविधिमा आधारित भै केही असल अभ्यासको थालनी भएकोछ ।

## सुशासन तथा संस्थागत विकास भएका उपलब्धी

गाउँपालिकाले हालसम्म २० वटा ऐन, ५ वटा नियमावली, २९ वटा कार्यविधि, १ वटा मापदण्ड, ३ वटा निर्देशिका, १ वटा सूचना र १ वटा पाठ्यक्रम गरी ६० वटा कानुनहरु स्थानीय राजपत्रमा प्रकाशित गरी कार्यान्वयनमा ल्याएकोछ।त्यसै गरी अन्नपूर्ण गाउँपालिकाको पर्यटन गुरुयोजना, १ वटा आवधिक योजना, राजश्व सुधार कार्ययोजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजना तर्जुमा गरेको छ ।गाउँपालिकामा उपलब्ध जनशक्तीको कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएकोछ। यस गाउँपालिकाले गत आ.व को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ५७.५ अंक प्राप्त गरेको छ । छ भने स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कनमा (FRA) मा ६३ अंक प्राप्त गरेको छ ।
राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृध्दि भएकोछ ।आ.व. २०८० को जेठ मसान्त सम्म एक करोड बयालिस लाख बाउन्न हजार छ सय अठ्हत्तर रुपैया अर्थात् ९८.२९ प्रतिशत आन्तरिक राजश्व उठिसकेको छ । भुक्तानीमा विद्युतीय प्रणाली (EFT) पद्दति अपनाईएको छ ।

## आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू

सभाका सदस्यज्यूहरु,

अन्नपूर्ण गाँउपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमले जनताका अधिकतम अपेक्षाहरु विकास निर्माण, उत्पादन र उत्पादकत्व बृद्धि, रोजगारी सिर्जना, स्थानीय नेतृत्वको विकास, स्थानीय स्तरमा श्रम र सिपमा आधारित रोजगार कार्यक्रम, मानव संसाधन बिकास, महामारी नियन्त्रण, यसको जोखिम कम गर्ने, स्थानीय स्रोत र साधनबाट प्राप्त लाभहरुको समानुपातिक एवं न्यायोचित वितरण, प्रभावकारी सेवा प्रवाह, दिगो र सन्तुलित विकास, समसामायिक मामिलाहरुको सम्बोधन र कानुनी शासनको प्रत्याभुतिलाई प्राथामिकतामा राख्दै संघीय सरकारको "**समृद्ध नेपाल सुखी नेपाली**को" राष्ट्रिय आकांक्षा, गण्डकी प्रदेशको "**समृद्ध प्रदेश र सुखी नागरिक**" दिर्घकालिन सोच र अन्नपूर्ण

गाउँपालिकाको "**समृद्ध अन्नपूर्ण निर्माणको मूल आधारः दिगो कृषि, पर्यटन, ऊर्जा र उत्थानशिल पूर्वाधार**" दिर्घकालीन सोच पूरा गर्नेतर्फ केन्द्रित छन ।

अब म आ. व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१) संविधानले प्रत्याभूत गरे अनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा निश्चित भौगोलिक दूरीमा सबै बालबालिकाको पहुँच विकास गरीदै लगिनेछ ।

२) विद्यालय जाने उमेरका सबै बालबालिकालाई आधारभूत तथा माध्यमिक शिक्षामा सहज पहुँच बनाईनेछ, प्रौढ तथा विद्यालय अभिभावक शिक्षा, विद्यालय बाहिरका बालबालिका शिक्षा, खुला तथा बैकल्पिक निरन्तर सिकाई, सामुदायीक सिकाई र विशेष शिक्षा सम्बन्धी कार्यहरु सञ्चालन गरी त्यसका लागि स्रोत व्यवस्थापन गरीनेछ ।

३) सामुदायिक विद्यालयको **निशुल्क सेनेटरी प्याड** र **दिवा खाजा कार्यक्रम** सम्बन्धमा सरोकारवालहरुसँग अन्तरक्रिया एवम् छलफल गरी थप प्रभावकारी बनाउनुको साथै सुनौला हजार दिनका आमा र बच्चाको स्वास्थ्य स्थितिमा सुधार ल्याउन **बहुक्षेत्रीय पोषण कार्यक्रमलाई** विषय शाखाहरु **शिक्षा, स्वास्थ्य, कृषि, पशु र खानेपानी तथा सरसफाइको शासकिय प्रबन्ध** कार्यक्रममा तारतम्यता मिलाउने ब्यवस्था गरीनेछ ।

४) अभिभावक र विद्यालय व्यवस्थापन समितिलाई अभिमुखिकरण गरी सवल र सक्षम बनाईनेछ ।

५) राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुरुप जीवनपयोगी ज्ञान र सिपमा आधारित भई स्थानीय ज्ञान, सिप, प्रविधि, हाम्रा धार्मिक, साँस्कृतिक र पर्यटकीय गन्तब्यको प्रचार -प्रचार (Localization to Globalization) गर्न अन्नपूर्ण गाउँपालिकाको आवश्यकताको बोध हुनेगरी कक्षा १ देखि कक्षा ५ सम्म स्थानीय पाठ्यक्रम निर्माण भइसकेको अवस्थामा कक्षा ६-८ को समेत पाठ्यक्रम निर्माण गरी कक्षा २ दखि कक्षा ८ सम्म पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक निर्माण, छपाई र वितरण गरी शैक्षिक सत्र २०८१ देखि स्थानीय पाठ्यक्रम पूर्ण रुपमा लागु गरीनेछ ।

६) "एक स्थानीय तह एक प्राविधिक धारको विद्यालय" को रुपमा गण्डकी प्रदेशको पहिलो इलेक्ट्रीकल इन्जिनियरिङ विद्यालय श्री प्रभा मा.वि.लाई अन्नपूर्ण गाउँपालिको गौरव विद्यालयको रुपमा विकास गरीनेछ ।

७) गाउँपालिका भित्र पठन संस्कृतिको विकासका लागि सामुदायिक पूस्तकालय, वाचनालय र सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी समुदायको सशक्तिकरण गर्न आजीवन सिकाईलाई निरन्तरता दिनुको साथै सामुदायिक सिकाई केन्द्रलाई तथ्याङ्क संकलन केन्द्रको रुपमा विकास गरीनेछ ।

८) विद्यालय शिक्षामा नेतृत्वको सवलीकरण,पेशागत सहयोग प्रणालीको विकास गरी पेशागत उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गरी सबै प्रकारका शिक्षामा सुशासन कायम गर्ने ।

९) सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाई र शैक्षिक ब्यवस्थापन प्रणालीको अभिन्न अंगको रुपमा विकास गरी सृदृढीकरण गर्ने ।

१०) "एक वडा एक स्रोत र साधनले सम्पन्न आवासिय विद्यालय" को रुपमा विकास गरी हाम्रा नानी बाबुहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक कानुन र गुरुयोजना निर्माण गरीनेछ ।

११) भौगोलिक रुपमा समेत कमजोर भु-धरातिय बनोट रहेको हाम्रो अन्नपूर्ण प्राकृतिक प्रकोपको रुपमा उच्च जोखिममा रहेको हुदाँ सामुदायिक विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावकहरुको लागि समेत विपत जोखिम उत्थानशितला सम्बन्धी कार्यक्रम सञ्चालन गरीनेछ ।

१२) विद्यालयलाई केन्द्रविन्दु बनाई खेलकुद प्रतिभाको खोजी गर्दै प्रतिभाको संरक्षण, संबर्द्धन र प्रवर्द्धन गर्ने उदेश्यका साथ सञ्चालित राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र विद्यालय पि.टी. (Physical Training) लाई थप ब्यवस्थित र प्रभावकारी बनाउन विद्यालयगत प्रशिक्षक तयारी कार्यक्रम सञ्चालन गर्ने ।

१३) सामुदायिक विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत सबै विद्यालय कर्मचारी, बालविकास सहजकर्ता र सामुदायिक सिकाई केन्द्रका परिचालकहरुको लागि प्रोत्साहन स्वरुप दिइदै आएको थप तलबभत्तालाई निरन्तरता दिदै आगमि दिनमा कम्तिमा प्रावि तृतीय तह सरहको सेवा र सुविधाको ब्यवस्था गर्ने ।

१४) विषयगत नतिजा विश्लेषण गरी शिक्षकको आगामी नतिजा सुधार योजना (Result Improvement Plan) लागु गर्न बाह्य मुल्याङ्कनको रुपमा कक्षा ५ र ८ को बार्षिक परीक्षा गाउँपालिका स्तरीय रुपमा सञ्चालन गर्ने ।

१५) शिक्षण सिकाईमा नविनतम प्रविधिको प्रयोग गर्न शिक्षकको क्षमता विकास गर्नुको साथै स्तरयुक्त प्रश्नपत्र निर्माण कार्याशाला मार्फत प्रश्न बैङ्क निर्माण गरी प्रयोग गरिनेछ ।

१६) स्थानीय उत्पादक नहुँदा गाउँपालिकाले भोगिरहेको सामुदायिक विद्यालयमा गणित, अंग्रेजी र विज्ञान विषयका विषयगत शिक्षकको अभाव परिपूर्ति गर्न कम्तिमा प्रत्येक वडाबाट एकजना क्षमता भएर पनि आर्थिक अभावका कारण विज्ञान र प्राविधिक विषय अध्ययन गर्न नसकेका जेहेन्दार विद्यार्थी छनौट गरी कम्तिमा स्नातक तहसम्म अध्ययन गर्न छात्रबृत्ति उपलब्ध गराउने गरी आवश्यक कानुन तर्जुमा गरी कार्यान्वयन गरीनेछ ।

१७) गाउँपालिकावासी युवा तथा किशोरकिशोरीहरुलाई निजामती सेवा र शिक्षक सेवा प्रवेशमा उत्पेरित एवं आकर्षित गर्न विभिन्न तयारी कक्षाहरु सञ्चालन गरीनेछ ।

१८) "हाम्रो विद्यालय राम्रो विद्यालय" अभियान अन्तर्गत स्थानीय सरकारका गतिविधि विद्यालय र समुदायसम्म र विद्यालय एवं समुदायिका गतिविधि गाउँपालिकासम्म आदान प्रदान गराउन अध्यक्षसँग विद्यार्थी भेटघाट कार्यक्रम सञ्चालन गरीनेछ ।

१९) न्युन विद्यार्थी संख्या भई फाजिलमा परेका विद्यालयहरुलाई विद्यालय नक्साकंन गरी नजिकैको सामुदायिक विद्यालमा समायोजन एवं एकिकरण गर्न प्रारम्भिक अध्ययन र अनुसन्धान कार्यलाई अगाडी बढाइनेछ ।

२०) अन्नपूर्ण गाउँपालिकाको एकमात्र उच्च शिक्षा अध्यापन गराउने मुक्तिमार्ग सामुदायिक क्याम्पसलाई हाल सञ्चालन स्थानबाट स्थानान्तरण गरेर भएपनि सबैको पहुँचमा पुऱ्याउने गरी थप ब्यवस्थापन गर्न गराउन सरोकारवालहरुसँग छलफल तथा अन्तर्क्रिया कार्यलाई प्रभावकारी बनाइनेछ ।

२१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको तलबभत्ता गाउँपालिकाबाट सिधै शिक्षक तथा कर्मचारीहरुको ब्यक्तिगत खातामा पठाउने प्रणालीको विकास गरीनेछ ।

२२) उच्च मनोलब बनाई उत्प्रेरणाका साथ कार्यक्षेत्रमा लाग्न विद्यालयमा कार्यरत अस्थायी प्रकृतीका कर्मचारीहरुको लागि अस्थायी कर्मचारी कल्याणकारी कोष नीति ल्याइनेछ ।

२३) शैक्षिक सत्रको विचमा शिक्षक परिवर्तन भई लामो समयसम्म रिक्त रहँदा विद्यालयको पठनपाठनमा गम्भिर असर पर्न गई शैक्षिक क्षति भइरहेको हुदाँ आधारभूत र माध्यमिक तहसम्मको शिक्षकको सरुवा र नियुक्ति प्रकृया सम्बन्धमा थप कानुन निर्माण गरी ब्यवस्थित गराइनेछ ।

२४) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले वडाको काम, कर्तब्य र अधिकार अन्तर्गत रहेको वडा भित्र बाल उद्यान (Children Park) स्थापना गर्ने कार्यको सुरुवात गरीनेछ ।

२५) विद्यालय शिक्षामा पहुँच, गुणस्तर र सक्षमतामा अभिवृद्धि गर्दै विद्यालयलाई सिकाइ केन्द्रको रुपमा विकास गर्न र विद्यार्थी सिकाई सहजताका लागि शिक्षकको पेशागत विकासमा सहजीकरण

गरी सहायता प्रणालीको विकास तथा परिचालन मार्फत विद्यालयको शिक्षण सिकाइमा सुधार ल्याइनेछ ।

२६) गाउँपालिका भित्र सञ्चालित शैक्षिक संस्थाहरुको भौतिक संरचना तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्न संघीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरीनेछ ।

२७) गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुलाई आत्मनिर्भरताको निम्ति सिपमूलक, उत्पादनमूलक, ब्यावसायिक र प्रविधियुक्त शिक्षाको विकास गर्न विभिन्न शैक्षिक सुधार एवं प्रोत्साहन अनुदान दिने नीति लिइनेछ ।

२८) गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय भइरहेका असल अभ्यासको आदानप्रदान गरी दैनिक विषयगत समस्याहरुको समाधान गर्न विषयगत शिक्षक कार्यदल निर्माण गरी शिक्षकलाई मेन्टोरिङ, विषयगत तालिम, शैक्षिक सामाग्री निर्माण, प्रयोग र ब्यवस्थापन जस्ता क्रियाकलाप मार्फत विषयगत सिकाई उपलब्धिमा क्रमश सुधार ल्याउन विषयगत शिक्षकलाई प्रमुख जिम्मेवार बनाइनेछ ।

२९) सामुदायिक विद्यालयमा बालबालिकालाई विद्यालय शिक्षाबाट बञ्चित हुन नदिन, विद्यालयमा टिकाइ राख्न र शैक्षिक गुणस्तरमा सुधार ल्याउनका लागि बालकक्षा देखि कक्षा ६ सम्म दिवा खाजा कार्यक्रम, र सबै प्रकारका शैक्षिक संस्थाहरुमा निशुल्क इन्टरनेट पहुँचको विस्तार एवं सुनिश्चितता गरी क्रमश प्रविधिको पहुँच पुऱ्याइनेछ ।

३०) सम्पूर्ण विद्यालयहरुमा क्रमशः पुस्तकालय, विज्ञान प्रयोगशाला र डिजिटल लाईब्रेरी सहित कम्प्युटर प्रयोगशालाको निर्माण कार्यलाई निरन्तरता दिदै यिनिहरुको दैनिक प्रयोगमा जोड दिइनेछ ।

३१) विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका निमित्त शिक्षा शाखाको नेतृत्वमा सूचकमा आधारित संयुक्त अनुगमन -Joint Monitoring मार्फत नियमित अनुगमन, निरीक्षण र सुपरीवेक्षण गर्न विशेष जोड दिइनेछ ।

३२) सामुदायिक विद्यालयलाई आम नागरीकको चासो र रोजाइको रुपमा विकास गर्न विद्यालय ब्यवस्थापनका पदाधिकारी र प्र.अ.को नेतृत्व क्षमता विकास गर्नुको साथै विभिन्न प्रकृतिका अभिभावक सचेतना शिक्षा कार्यक्रमहरु सञ्चालन गरीनेछ ।

३३) स्थानीय सरकारको सभा सञ्चालन र ब्यवस्थापन सम्बन्धमा आम युवा तथा किशोरकिशोरीका जानकारी गराउन नमुना युवा संसद अभ्यास कार्यक्रम सञ्चालन क्रमश गाउँपालिका हुदै वडासम्म पुऱ्याइनेछ ।

**ख. संस्कृति सम्बन्धी  नीति तथा कार्यक्रम**

१. गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरीनेछ।

२. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

३. गाउँपालिका भित्र आयोजना हुने मेला महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

४. गाउँपालिका भित्र हुने भुमे पुजा, पुख्यौंली नाँच आदिलाई संरक्षण र व्यवस्थित गरीने नीति लिईनेछ ।

५. विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरीनेछ।

६. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादन पाहुनाको रुपमा राख्न घर छनौट गरीनेछ।

**ग. युवा तथा खेलकुद सम्बन्धी  नीति तथा कार्यक्रम**

१. युवालाई उद्यमशिलतासँग जोड्न आवश्यक तालिम, व्यावसायिक सिपमुलक शिक्षा र प्रयोगात्मक अभ्यास (ईन्टर्नसिप)को व्यवस्था गरीनेछ ।

२. छुवाछुत दाईजो, जातीय तथा लैङ्गिक भेदभावको अन्त्य गर्न, अन्धविश्वास र कुसंस्कारजस्ता सामाजिक कुरीति हटाउदै समाजको रुपान्तरणमा युवाहरुको भूमिका बढाउदै लगिनेछ ।

३. विपद् तथा महामारी व्यवस्थापन, विकास निर्माण कार्य, सरसफाई तथा वातावरण संरक्षण र सामाजिक चेतना अभिवृद्धिका लागि युवा स्वंयसेवकहरुको परिचालन नीति लिईनेछ ।

४. खेलकुद क्षेत्रको विकास, खेल पुर्वाधार निर्माण तथा खेलाडी उत्पादनको लागि व्यवस्थित गर्नको लागि आवश्यक दिर्घकालिन नीति निर्माण गरी अघि बढिनेछ ।

५. अन्नपूर्ण गाउँपालिकाको प्रतिनिधित्व गर्दै जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरमा खेल खेल्ने खेलाडीहरुको सम्मानको लागि आवश्यक नीति तथा कार्यक्रम बनाई खेलाडीहरुको मनोवललाई उच्च बनाईनेछ ।

**घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. अन्नपूर्ण गाउँपालिकाको "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुल प्रवाहीकरण रणनीतिक योजना (२०७९।८०-२०८१।८२)लाई आवश्यकता अनुसार परिमार्जन गर्दै कार्यन्वयन गरिनेछ ।

२. महिलाको सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यको हक सुनिश्चित गर्न सङ्घ र प्रदेश सरकारसंग सहकार्य गरेर अघि बढिनेछ ।

३. लैङ्गिक हिंसा तथा बालबालिका माथि हुने हिंसा विरुद्ध सुन्य सहिष्णुता नीति अपनाईनेछ ।

४. पालिका अन्तर्गत कुनै पनि व्यक्तीहरु हिंसामा नपरुन्/हिंसा बचुन भन्नको खातिर निशुल्कः फोन कल नजिकको प्रहरी चौकी/वडाध्यक्ष/महिला सदस्य/पालिका अध्यक्ष/ उपाध्यक्ष/ प्रमुख प्रशासकीय अधिकृत/जेण्डर फोकल फर्सन/बाल कल्याण अधिकारीको उठ्ने व्यवस्था गरी दुरुस्त उद्धार गर्ने व्यवस्था गर्ने ।

५. महिला उद्यमशीलतामार्फत स्वरोजगारी बढाउने कार्यक्रम तय गर्ने, श्रम गर्ने महिलाको समान ज्याला, घरेलु हिंसा तथा सामाजिक भेदभाव हटाउन कार्ययोजना ल्याईनेछ ।

६. जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत सङ्कलन गरी स्थानीय स्तरमा गर्न सकिने सहयोगको खाका तयार गरीनेछ ।

७. स्थानीय पूर्वाधारलाई अपाङ्गता मैत्री बनाउँदै अशक्त व्यक्तिका लागि सहजरुपमा आधारभूत सेवा पुऱ्याउन व्यवस्था गरीनेछ ।

८. आजका बालबालिका भोलिका कर्णधार र वर्तमानका साझेदार हुन् भन्ने यथार्थलाई आत्मसाथ गर्दै मिति २०८२ चैत्र मसान्त भित्र बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गरिनेछ । सोका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

९. अन्नपूर्ण गाउँपालिकालाई सडक बालबालिका तथा सडक मानव मुक्त बनाउन अनाथालय र मानवसेवाकेन्द्र निर्माण गर्ने तथा अशक्त तथा मानसिक असन्तुलन भएका व्यक्तीहरुको पुनर्स्थापना र व्यवस्थापनमा ध्यान दिइनेछ । यसको लागि गाउँपालिकामा सूचिकृत गैर सरकारी संस्थाहरुसंग सहकार्य गरीनेछ ।

**ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. स्वास्थ्य, आयुर्वेद र योग-ब्यायम सेवालाई गुणस्तरीय, सर्वसुलभ र स्थानीय गाउँबासीको पहुँचमा पुर्याइनेछ ।

२. सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्न जटिलतामा रहेका गर्भवती, सुत्केरी र नवजात शिशुको जीवन रक्षाका लागि गण्डकी प्रदेश सरकारले निरन्तरता दिएको एयर लिफ्टिङ सेवा दिलाउन गाउँपालिकाले आकष्मिक कोष परिचालन साथै आवश्यक सहजीकरण र समन्वय गर्नेछ ।

३. नागरीकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्रभित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापना सेवालाई सहज र नियमित वनाइनेछ ।

४. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाईनेछ।

५. बर्थिङ्ग सेन्टर र स्वास्थ्य क्लिनिकहरुको सेवालाई स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरीनेछ।

६. आर्थिक रुपमा अति विपन्न, दुर्घटनामा परेका र ७० बर्ष माथिका नागरिकलाई स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान निशुल्क एम्बुलेन्स सेवाको प्रबन्ध गरीनेछ।

७. अन्नपूर्ण गाउँपालिकाको स्वास्थ्य संस्थाहरुमा सुरक्षित प्रसुति सेवा लिन आउने आमाहरु Birthing Center मा सुत्केरी नसकी बेनी/बाग्लुङ/पोखराका स्वास्थ्य संस्थाहरुमा अप्रेशन गर्नुपरेमा स्वास्थ्यकर्मी र वडा कार्यालयबाट सिफारिस भएका व्यक्तीहरुका लागि निशुल्क एकतर्फी एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।

८. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरीनेछ।

९. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरीनेछ।साथै जडिबुटी खेती विस्तारका लागि तालिम संचालन गरिनेछ ।

१०. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

११. सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य सेवा दिने विषयमा आवश्यक प्रबन्ध गरिनेछ ।

१२. स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरीनेछ।

१३. नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रमलाई घरघर पुर्‍याई सबै घर परिवारलाई स्वास्थ्य बिमा गर्न प्रोत्साहित गरिनेछ ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. औद्योगिकग्राम निर्माणको लागि सम्भाव्यता अध्ययन गरी आवश्यक प्रकृया अघि बढाईनेछ ।

२. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रक्रियालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

३. लगानीमैत्री नीति तथा औद्योगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।

४. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाले निर्माण गरेको पर्यटन गुरुयोजनाका आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरीनेछ।साथै नर्थ अन्नपूर्ण आधारशिविर एकिकृत पर्यटन गुरुयोजना निर्माण गरी कार्यक्रमहरु संचालन गरीनेछ ।

५. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय स्थल तथा पदमार्गहरुको स्रोत नक्साङ्कन गर्ने कार्य अघि बढाईनेछ ।

६. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्ले तथा सूचना पाटी राखिनेछ।

७. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरीनेछ।

८. पर्यटन प्रबर्द्धन लागि होमस्टे सञ्चालन र प्रोत्साहन, नयाँ पदमार्गहरुको निर्माण र प्रबर्द्धन गरीनेछ ।

९. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका/नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरीनेछ।

## ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१. आलु र सुन्तला जातका फलफूलमा आत्मनिर्भर पालिका बनाईने छ ।
२. हाम्रो गाउँपालिकामा उत्पादन हुने फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरीनेछ।
३. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाईनेछ। गाउँपालिका भित्र रसायानिक मल र किटनासकको प्रयोग दुरुत्साहित गर्ने साथै प्राङ्गारिक मल तथा जैविक औषधि प्रयोगमा प्रोत्साहन गर्दै पालिकालाई अर्गानीक पालिकाको रुपमा स्थापित र परिचित गराईनेछ । प्राङ्गारिक खेती प्रवर्द्धन गरी गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ।
४. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरीनेछ।
५. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरीनेछ।
६. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गर्ने नीति लिइनेछ ।
७. कृषिको आधुनिकिकरण, बजारीकरणका लागि तालिम सञ्चालन गर्ने, यान्त्रीकीकरण गर्ने, कृषि एम्बुलेन्स सञ्चालन गर्ने नीति अख्तियार गरिनेछ ।
८. अगुवा कृषक, ब्यबसायिक कृषक, कृषकलाई सम्मान तथा प्रोत्साहन गरी कृषीमा थप उत्पादन गर्नमा सहयोग पुर्याउन उत्पादनमा आधारित प्रोत्साहन कृषक सम्मान कार्यक्रम लागु गरीनेछ ।
९. बेमौसमी तरकारी उत्पादनका लागि आवश्यक ग्रिन हाउस,गुमोज,हाईटेक हाउसको निर्माण गरी बेमौसमी तरकारीमा आत्मनिर्भर गर्न प्लाष्टिक घर निर्माण कार्यक्रम लागु गरीनेछ ।

## ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. सहकारी क्षेत्रमा संस्थागत सुशासन कायम गर्न अनुगमन र नियमनलाई प्रभावकारी बनाईनेछ ।
२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरीएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।
३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरीकहरुको पूँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर सिर्जना गरी गरीबी न्यूनीकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।
५. कृषि लगायत विषयगत सहकारीलाई सोही क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाई कठोर रूपमा कार्यान्वयन गरीनेछ।

## ३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।
२. स्थानीय टिभि च्यानेलसंगको सहकार्यमा गाउँपालिका भित्र भएका विकास निर्माण तथा पर्यटकीय स्थलहरुको प्रचार प्रचारको लागि टेलिभिजन प्रसारण कार्यक्रम सञ्चालन गरीनेछ ।
३. गाउँपालिका क्षेत्रभित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरीनेछ।
४. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।
५. नागरीकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ।
६. सार्वजनिक नीजि साझेदारी मोडेल (PPP Model) मा सामुदायिक रेडियो, टेलिभिजन च्यानल संचालनको नीति लिईनेछ ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. जनतालाई न्याय दिलाउनु राज्यको कर्तव्य हो । यसै सन्दर्भमा न्याय पाउनको लागि आउने नागरीकहरुको न्याय निरुपणका लागि कानुनको अधिनमा रहि काम गर्न सामुदायिक मेलमिलाप केन्द्र र न्यायिक समितीलाई सक्रिय बनाईनेछ ।

२. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरु तथा दक्ष कर्मचारीको प्रबन्ध मिलाईनेछ।

३. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरीनेछ।

४. समस्या समाधानको लागि स्थानीय वडाहरुमा गठित सामुदायिक मेलमिलाप केन्द्रबाट मेलमिलाप गराउन मेलमिलापकर्ताको व्यवस्था गर्ने, आधारभुत तालिम र पुनर्ताजगी तालिम दिई प्रारम्भिक न्याय प्रदान गर्ने केन्द्रको रुपमा सञ्चालन गरीनेछ ।

५. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरीनेछ।

६. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरीनेछ।

## ५. सुशासन तथा सेवा प्रवाहको नीति कार्यक्रम

१. गाउँपालिका भित्रका नागरीकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरीक गुनासो ब्यवस्थापन प्रणाली तयार गरी लागु गरीनेछ।

२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

३. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरीनेछ ।

४. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरीनेछ ।

५. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

६. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरीनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

७. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

८. अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतसँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुख एवं वडा सचिवसँग कार्य सम्पादन सम्झौता गरी कार्य गर्ने र कार्यसम्पादन मूल्याङ्कनलाई कार्य सम्पादन सम्झौताको परिपालनासंग आवद्ध गर्ने पद्धति कडाईकासाथ कार्यान्वयन गरिनेछ ।

९. जनशक्तीको मनोवल उच्च रहने गरी प्रोत्साहन गर्ने, अतिरिक्त कार्यचाप तथा कार्यबोझ अनुसार थप सुविधा दिने, सञ्चार तथा संवाद गर्नुपर्ने भूमिकामा रहेका कर्मचारीलाई सञ्चार सुविधा दिने, साथै दण्ड र पुरस्कार पद्धतिलाई वस्तुनिष्ट बनाइनेछ ।

१०. कार्यसञ्चालन निर्देशिकाको पूर्ण पालना गरिनेछ साथै आन्तरिक नियन्त्रण प्रणाली कडाईका साथ कार्यन्वयन गरिनेछ ।

११. विगत वर्षहरुमा झै आगामी बर्षमा पनि सहभागितात्मक रुपमा योजना तर्जुमा प्रकृया अवलम्वन गरी प्राथमिकता प्राप्त आयोजनाहरु संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहमा आवधिक योजनाले तोके बमोजिम कार्यन्वयन गर्दै लगिनेछ ।

१२. आयोजना सञ्चालन गर्न आवश्यक ज्ञान सिप प्रदान गर्न हरेक आयोजनाको अध्यक्ष, सचिव र कोषाध्यक्षका साथै जनप्रतिनिधिहरुलाई अभिमुखिकरण कार्यक्रम गरीनेछ ।

१३. निजि, सामुदायीसँग सहलगानीमा योजना र कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

१४. कम लागतमा बढी प्रतिफल दिने, जनतासंग प्रत्यक्ष सरोकार राख्ने र युवालाई उत्पादन र रोजगार दिने योजनाहरुलाई प्राथमिकता दिइनेछ ।

१५. गाँउपालिकामा प्राप्त हुने सबै प्रकारका सहयोगहरुको प्रभावकारी बितरणका लागि एकद्वार नीति अबलम्बन गरीनेछ ।

१६. गाउँपालिकामार्फत खरिद गर्ने सम्पूर्ण खरिद प्रकृयालाई पारदर्शी बनाउन सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम सार्वजनिक खरिद गुरुयोजना/बार्षिक खरिद योजना निर्माण गरी खरिद गर्नुको साथै प्रयोगमा नआउने सामाग्रीहरुको लिलाम विक्रि गरीनेछ ।

१७. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१८. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरीनेछ।

१९. गाउँपालिकाभित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरीनेछ। वैदेशिक रोजगारीको श्रम स्वीकृति र पुनः स्वीकृतीको कार्यलाई व्यवस्थित बनाईनेछ ।

२०. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरीनेछ।

२१. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) निर्माण गरी प्रयोगमा ल्याईनेछ ।

२२. कर्मचारी तथा जनप्रतिनिधिहरुको निर्जिवन विमा कम्पनीहरुमा स्वास्थ्य तथा दुर्घटना विमा गराउने नीति लिईनेछ ।

२३. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरीनेछ।

## ६. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. स्थानीय सरकार र सरकारको विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थासँगको सहकार्य र समन्वयमा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम स्वच्छ र सफा पिउने पानीको ब्यवस्था गर्न "एक घर एक धारा " को नीति अवलम्बन गरीनेछ ।

२. सडक किनारा, नदि किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरीनेछ।

३. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

४. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरीने छ। साथै शुन्य पोलिथिन अभियानलाई अगाडि बढाइनेछ ।

५. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

**ख. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने, न्यून हरित ग्याँस उत्सर्जनलाई विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरीनेछ।

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरीनेछ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरीनेछ ।

४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरीनेछ ।

५. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरीनेछ ।

६. गाउँपालिकाले निर्माण गरेको विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना अनुसार विपद पूर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई ब्यवस्थित र प्रभावकारी बनाइनेछ ।

७. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरीनेछ।

८. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

९. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरीनेछ।

**७. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम**

१. अन्नपूर्ण गाउँपालिका क्षेत्रभित्र स्तानीय सडक ,ग्रामिण सडक,कृषि सडक ,पुल पुलेसाहरु इत्यादी आवश्यकताका आधारमा सडक सञ्जाल बिस्तार एबम्  ब्यबस्थापनको लागि अन्नपूर्ण गाउँपालिकाको यातायात गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

२. स्थानीय सार्बजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण,खारेजी, सेवाको गुणस्तर, भाडा दर  निर्धारण र नियमनलाइ प्रभावकारी ढमगबाट अगाडि बढाइनेछ।

३. अन्नपूर्ण गाउँपालिका क्षेत्रभित्र योजनाबद्ध, बैज्ञानिक बस्ती बिकास गर्न र उत्थानशील भवन पूर्बाधार निर्माणका लागि भवन संहिता कार्यान्वयन ,भवन निर्माणको नक्सा स्वीकृति, संशोधन र नियमनका लागि भवन निर्मान सम्बन्धी आधारभूत मापदणड र कार्यबिधी लागु  गरी कार्यान्वयन गरिनेछ। यस भवन निर्मान सम्बन्धी आधारभूत मापदणड र कार्यबिधी लागु हुनुभन्दा अघि निर्माण भैसकेका भवनहरुलाइ अभिलेखिकरण गर्नका लागि अभिलेखिकरण कार्यबिधी लागु गरिनेछ।

४. ठूला र बढी महत्वपूर्ण योजनाहरुको बिस्तृत आयोजना प्रतिवेदन ( डि.पि.आर) र वातावरणीय अध्ययन प्रतिबेदनका आधारमा  मात्रै कार्यान्वयन प्रकृयामा अगाडि बढाइनेछ।

५. योजनाबद्ध एवं ब्यबस्थित बस्ती बिकास र भू-उपयोगका लागि गाउँपालिकाको भू-उपयोग योजना ( land use Plan ) तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

६. फोहोरमैला ब्यबस्थापनका लागि फोहोरको बर्गिकरण, सङ्कलन,पुनःउपयोग,प्रशोधन र बिसर्जनको योजना  तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

७. हेभि इक्युपमेन्ट र उच्चकोटीको प्रबिधीको प्रयोग नगरी स्थानीय स्रोत , साधन,  श्रम र सिपको उपयोग गरेर सफल पार्न सकिने आयोजनाहरु मात्र उपभोक्ता समितिहरु वा लाभग्राहीहरुबाट कार्यान्वयन गरिनेछ।

८. उपभोक्ता समितिहरु वा लाभग्राहीहरुबाट कार्यान्वयन गरिने आयोजनाहरुलाइ दिगो, गुणस्तरीय र पारदर्शी बनाउनका लागि उपभोक्ता समितिहरु वा लाभग्राहीहरुको क्षमता अभिबृद्धिका लागि अभिमुखिकरण तालिम सञ्चालन गरिनेछ।आयोजनाका उपभोक्ता समिति र आयोजनामा काम गर्ने श्रमिक जनशक्तिहरुलाइ शारीरिक सुरक्षाका औजार र साधनहरु उपलब्ध गराइने ब्यबस्था मिलाइनेछ।गरिनेछ।आयोजनाका उपभोक्ता समिति र आयोजनामा काम गर्ने श्रमिक जनशक्तिहरुको सामुहिक दुर्धटना बिमाको समेत ब्यबस्था मिलाइनेछ।

९. हेभि इक्युपमेन्ट र उच्च कोटीको अत्याधुनिक प्रबिधीको प्रयोग हुने , अत्याधुनिक निर्माण सामाग्रिको प्रयोग हुने, कामका बिशेष किसिमको दक्षता र अनुभवको आवश्यकता पर्ने सबै किसिमका निर्माण

आयोजनाहरु प्रतिस्पर्धात्मक बोलपत्र आव्हान गरी योग्य निर्माण ब्यबसायी छनौट गरी कार्यान्वयनमा लगिनेछ।

१०. बिकास निर्माणका आयोजनाहरुको ठेक्का ब्यबस्थापनलाइ अझ बढी खुला, पारदर्शी, बस्तुनिस्ठ र बिश्वसनीय बनाउन, स्वच्छता, इमान्दारीता,जवाफदेहीता रबिश्वसनीयता हासिल गर्ने उध्देश्यले सबै प्रकारका ठेक्काहरुलाइ बिधुतीय बोलपत्र आव्हान गरी बिधुतीय शासन (E-GP)को प्रयोग मार्फत सुशासनको प्रत्याभुति दिलाइनेछ।

११. आयोजनाहरुको गुणस्तर सुनिश्चितताको लागि निर्माण सामाग्रिहरु र निर्माण कार्यको गुणस्तर परिक्षण गर्ने कार्यलाइ थप प्रभाबकारी बनाइनेछ।

१२. आयोजनाहरुको नियमित अनुगमन र मुल्याङ्कनलाइ थप प्रभावकारी र डिजिटल बनाउदै लगिनेछ ।

१३. अनलाइनबाटै आयोनाहरुको डिजाइन ड्रइङ्ग, लागत अनुमान,मुल्याङ्कन बिल र कार्यसम्पन्न प्रतिवेदन तयारी , चेकजाँच र स्वीकृत गर्ने सफ्टवयर निर्माण पुर्वाधार बिकास तथा भवन नियमन शाखालाइ कागज रहित ( पेपरलेस) शाखा बनाइनेछ ।

१४. आयोजनाको सर्भे ,डिजाइन ड्रइङ्ग, नाँपजाँच र गुणस्तर कायम गर्न आवश्यक श्रोत साधन,इक्युपमेन्ट, दरबन्दि अनुसारका जनशक्ति , क्षमता बिकासका प्राबिधिक तालिमहरु सञ्चालन गरी पूर्वाधार बिकास तथा भवन नियमन शाखाको कार्यसम्पादनमा गतिशिलता र बिज्ञता अभिबृद्धि गरिनेछ।

१५. मर्मत संभार कोष स्थापना गरी निर्माण सम्पन्न भइ सञ्चालनमा रहेका सबै आयोजनाहरुको मर्मत संभार गरिनेछ।

१६. गाउँपालिकाका केही ठूला र गौरवका आयोजनाहरु निर्माण गर्न तथा महत्वपूर्ण पर्यटकीय स्थलहरुको दिगो संरक्षण, प्रबर्धन र बिकासका लागि निजि क्षत्रका लगानिकर्ताहरुलाइ समेत बिश्वासमा लिएर स्थानीय सार्बजनिक-निजी साझेदारी (PPP) मोडेलमा प्रभावकारी रुपमा सञ्चालन गर्ने प्रबन्ध मिलाइनेछ।

१७. आबश्यक सबै किसिमका श्रोत र साधनहरुको प्रबन्ध गरेर यस गाउँपालिकाले तयार गरी स्वीकृत समेत गरिसकेको खानेपानी , सरसफाइ तथा स्वच्छता योजना (WASH PLAN )को प्रभावकारी कार्यान्वयन गर्दै लगिने छ।

१८. गाउँपालिका भित्रका सबै खानेपानी प्रणालीहरुमा खानेपानीको गुणस्तर परिक्षण गरिनेछ र गुणस्तरको मापदण्ड पूरा गरेको खानेपानी बितरणको सुनिश्चितता गरिनेछ।

१९. खानेपानीका मुहानहरु संरक्षण गरिनेछ साथै मुहान दर्ताका लागि आवश्यक कानुनी प्रबन्ध मिलाइनेछ।

२०. हाइड्रो हबका रुमपा परिचित यस गाउँपालिकामा जलबिद्धुतको उत्पादन, वितरण प्रणाली,सेवाको ब्यबस्थापन र सञ्चालनमा आवश्यक योजना तर्जुमा गरी सरोकारवाला पक्षहरुकोबीचमा समन्वयकारी र नियमनकारी भूमिका खेलिनेछ।

२१. जलबिधुतको पहुँच नपुगेका टोलबस्तीहरु र महत्वपूर्ण पर्यटकीय स्थलहरुमा बिधुतको पहुँच पुर्याइनेछ।आवश्यक स्थानका सडकहरुमा सडक बत्ती जडान गरिनेछ।

२२. कृषि उत्पादन बृध्दि गर्नका लागि स्थानीय तथा साना सिंचाइ प्रणालीहरुको निर्माण , संञ्चालन,मर्मत संभार तथा ब्यबस्थापनका लागि सिञ्चाइ समबन्धी गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

२३. बिपद्को उच्च जोखिममा रहेको यस गाउँपालिका भित्रका जोखिमयुक्त क्षत्रहरुको नक्साङ्कन, जोखिमपूर्ण बस्तीहरुको पहिचान र स्थानान्तरणका लागि आवश्यक योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।यस गाउँपालिकाले तयार गरेको बिपद पुर्व तयारी र प्रतिकार्य योजना , जोखिम न्यूनीकरण योजना प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ।

२४. यस गाउँपालिकामा स्थापना गरिएको आपत्कालीन कार्यसञ्चालन केन्द्रमा आबश्यक स्रोत र साधनको ब्यबस्था गरी प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ।

## ८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरीनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरीकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरीनेछ।

५. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरीनेछ।

६. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरीनेछ।

७. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

८. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

९. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

१०. अव्यवस्थित वसोवासीहरुलाई लगाउदै आएको बहाल विटौरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरीनेछ।

**धन्यवाद ।**

मितिः२०८०।०३।०८ गते शुक्रबार ।